नेपाल सरकार

# सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

(पूर्वाधार विकास महाशाखा)

सिंहदरवार,काठमाडौं

पत्र संख्या:-०७३/७४

चलानी नं:- २६८

फोन नं.-०१-४२००४१५

मितिः- २०७४/०१/२६

श्री महानगरपालिका /उप महानगरपालिका/गाँउपालिका (सवै)

**विषयः- पूर्व निर्मित भवन नियमित गर्नका लागि अभिलेखिकरण सम्वन्धमा ।**

प्रस्तुत विषयमा नेपाल सरकारबाट वस्ती विकास ,शहरी योजना तथा भवन निर्माण सम्वन्धी आधारभूत निर्माण मापदण्ड ,२०७२ स्वीकृत गरी लागू भएको अवस्थामा मापदण्ड कार्यान्वयनमा ल्याउँदा, मापदण्ड लागु हुनु पूर्व निर्मित भवनहरुको कतिपय साविक न.पा./गा.वि.स. ले मापदण्ड बमोजिम १ वर्ष भित्र अभिलेखिकरण कार्य सम्पन्न नभएको र यो १ वर्षको अवधि सकिएको अवस्थामा विगतमा वनेको घरहरुको अभिलेखिकरण गर्न मिल्ने नमिल्ने भनि विभिन्न न.पा. तथा गाँउपालिकावाट टेलिफोन लगायत विभिन्न माध्यमवाट सोधपुछ भएको सन्दर्भमा कारवाही हुदाँ स्थानीय तह हालसालै मात्र गठन भएको, विगतमा समेत धेरै घरहरु अभिलेखिकरण गरी नक्सा पासको दायरामा नआएको , विगतका गा.वि.स.तथा न.पा.मा प्राविधिक जनशक्तिको उचित व्यवस्थापन हुन नसकेको कारणले समेत अभिलेखिकरण हुन नसकेको र नेपालको संविधान वमोजिम नक्सा पास सम्वन्धी कार्य स्थानीय तहमा रहेको सन्दर्भमा विगतमा वनेका सम्पूर्ण घरहरुको रेकर्ड अध्यावधिक गरी नक्सापास सम्वन्धी कार्य प्रभावकारी रुपमा अगाडी बढाउन अत्यावश्यक देखिन्छ । स्थानीय तहको शासन संचालन सम्वन्धमा जारी गरिएको आदेश २०७३ को " क" कार्यसंचालन र सेवा प्रवाहको वुदाँ नं ११ मा गाउपालिका र नगरपालिकाले शहरी योजना, वस्ती विकास भवन निर्माण मापदण्ड २०७२ कार्यान्यन गर्ने व्यवस्था भएको र उक्त आदेश २०७३ फागुन २७ देखि लागू भएको सन्दर्भमा वढीमा २०७४ फागुन २६ सम्मको समय सिमा तोकि सम्वन्धित स्थानीय तहले वस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्वन्धि आधारभूत निर्माण मापदण्ड, २०७२ को व्यवस्था वमोजिम आ-आफ्नो मापदण्ड तयार गरी स्वीकृत गर्ने र मापदण्डमा भएको व्यवस्था वमोजिम सम्वन्धित स्थानीय तहवाट पुराना बनेका घरहरुको वुदां नं. ८ वमोजिम अभिलेखिकरण गर्ने र नयाँ घरहरु नक्सापास गरेरमात्र निर्माण गर्ने व्यवस्था हुन मिति २०७४/०१/२१ को सचिवस्तरिय निर्णय भएकोले सोहि अनुसार आवश्यक व्यवस्थाका लागि आदेशानुसार अनुरोध छ ।

वोधार्थ :

श्री नगरपालिका योजना तथा व्यवस्था शाखा-आवश्यक सहजीकरणका लागि ।
श्री ग्रामीण विकास समन्वय शाखा- आवश्यक सहजीकरणका लागि ।
श्री सूचना तथा विधुतिय शासन शाखा -यस वमोजिमको पत्र मन्त्रालयको web site मा राखिदिनु ।

(महेश अर्याल)
सि.डि.ई.

महेश अर्याल
सि.डि.ई.
इ.का.द.नं.-१४९० 'ए'

"भष्टाचार विरुद्धको चाल, असल शासनको बहाल"